का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ मंसिर २०८०,
बिहीबार
14 December 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २१, अंक ३०९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




# बार्गेनिङ पावर बढाउँदै उपेन्द्र यादव

सरकारले गर्नुपर्ने सुधारका कार्यसम्बन्धी सुझावहरु तयार पार्ने जिम्मेवारी पाएका उपेन्द्र यादवले उल्टै आफ्नो पार्टीका तर्फबाट प्रतिवेदन बुझाए । उपेन्द्रले बुझाएको ५३ बुँदे पत्र हेर्दा सुझाव भन्दा पनि प्रधानमन्त्रीसँग बार्गेनिङतिर लागेको अनुमानलाई बल पुग्छ ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २७ मंसिर ।

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले सरकारका काम कारबाही प्रभावकारी बनाउन ५३ बुँदे सुझाव पेस गरेका छन्। सरकारले गर्नुपर्ने सुधारका कार्यसम्बन्धी सुझावहरु तयार पार्ने जिम्मेवारी पाएका उपेन्द्र यादवले तयार प्रतिवेदन सार्वजनिक गरेका छन् ।

उनले ज्यादा आफ्ना कुरा राखेर सरकारलाई प्रतिवेदन बुझाएका हुन् । जसमार्फत उनले सरकार सत्ता साझेदार दलहरुमाथि नै बार्गेनिङ गर्न खोजेका छन् । सार्वजनिक ५३ बुँदे प्रस्तावमा संघीयता कार्यान्वयनदेखि संविधान संशोधनसम्मका विषय छ । संविधान संशोधन आयोग गठन गर्नुपर्ने जस्ता आफ्नो पार्टीका योजनालाई अध्यक्ष यादवले प्रतिवेदनमा समेटेका छन् ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि प्रहरी समायोजन गर्नुपर्ने, अध्यादेशद्वारा संघीय निजामति ऐन ल्याउनुपर्ने, संघीय र प्रदेश सरकारका मन्त्रालय घटाउनुपर्ने लगायतका प्रस्ताव पनि प्रतिवेदनमा छ ।

स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र राख्नुपर्ने पनि अध्यक्ष यादवको सुझाव छ । जो जसपाले सुरुदेखि लिँदै आएको राजनीतिक विषय हो । विशेष क्षेत्रहरुको घोषणाका लागि आवश्यक संवैधानिक तथा कानूनी व्यवस्था गर्नुपर्ने, तराई-मधेशमा जनसंख्या वृद्धि भए अनुसार संघीय र प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण पृष्ठ २ मा

## उपेन्द्रका सुझाव

- संविधान संशोधन आयोग गठन
- निर्वाचन क्षेत्र पुनरावलोकन
- प्रहरी समायोजन
- संघीय निजामती ऐन अध्यादेशमार्फत
- संघीय र प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउने
- अख्तियारलाई क्रियाशील बनाउने
- महँगी नियन्त्रण
- संवैधानिक नियुक्तिहरु दलीय भागबण्डाको आधारमा नगर्ने
- यसै वर्षभित्र भूमिहीन तथा सुकुम्बासी समस्या हल गर्ने
- आधारभूत स्वास्थ्य नि:शुल्क
- मल खाद्य उद्योग यसै वर्ष स्थापना
- ब्याजदर एकल अंकमा झार्ने

# ६ वर्षदेखि प्रदेशको एउटै माग

प्रदेश सरकारहरुले पहिलो पाँच वर्ष अधिकार मागेरै बिताए। ०७९ मा चुनाव भएर आएको सरकार पनि संघीय सरकारसँग अधिकार माग्नमै केन्द्रित छ। अधिकार नदिए आन्दोलन गर्ने चेतावनी पनि ६ वर्षदेखि उस्तै रुपमा देखिन्छ।



अब हामी संघ सरकारसँग छिनोफानो गरेर जाने अवस्थामा पुगेका छौं ।

**सुरेन्द्रराज पाण्डे**
मुख्यमन्त्री, गण्डकी प्रदेश



अल्टिमेटमको समयभित्र हाम्रो माग पूरा भएन । अब संघर्षमा जान्छौं ।

**सरोज कुमार यादव**
मुख्यमन्त्री, मधेश प्रदेश

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ मंसिर ।

प्रदेश सरकारका मुख्यमन्त्रीहरु संघीय सरकारले संघीयता कार्यान्वयन गर्न चासो नदेखाएको निष्कर्षमा निकालेका छन् । अब निर्णायक छलफलका लागि मकवानपुरको हेटौंडामा बस्ने तय भएको प्रदेश सरकारका अधिकारीहरु बताउँछन् ।

अधिकार नपाएको र संघीय सरकारले प्रदेश अधिकारमाथि हस्तक्षेप गरेको भनेर बागमती प्रदेशले सर्वोच्च अदालतमा मुद्दा दिएको छ भने मधेशले कर्मचारी र प्रहरी समायोजन छिटो नगरे आन्दोलन गर्ने भनी सिंहदरबार नै पुगेर चेतावनी दिएको छ । यही बेला मुख्यमन्त्रीहरु हेटौंडामा भेला हुन लागेका छन् ।

प्रदेश सरकारहरुले पहिलो पाँच वर्ष अधिकार मागेरै बिताएका थिए । ०७९ मा चुनाव भएर आएको सरकार पनि संघीय सरकारसँग अधिकार माग्नमै केन्द्रित छ । अधिकार नदिए आन्दोलन गर्ने चेतावनी पनि ६ वर्षदेखि उस्तै रुपमा देखिन्छ । तथापि, अदालतमा मुद्दा लिएर जाने काम यसपटक केही प्रदेशबाट भएको छ ।

गत असार १५ गते पोखरामा सातवटै प्रदेशका मुख्यमन्त्रीको एउटा बैठक बसेको थियो । 'मैले नै पहल लिएर बैठक आयोजना गरेको हो । प्रधानमन्त्रीलाई पनि हामीले अनुरोध गर्‍यौं । उहाँ पनि आउनुभयो' मुख्यमन्त्री पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# एयरपोर्ट सेटिङको दर ५५ हजार, अधिकृतसहित ३२ पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर

नेपाल प्रहरीले नक्कली कागजपत्र बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहका ३२ जनालाई पक्राउ गरेको छ। नेपाल प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले नक्कली कागजपत्र बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहमा संलग्न ट्राभल्स एजेन्सी सञ्चालक र सरकारी कर्मचारीसहित गरी ३२ जनालाई पक्राउ गरेको हो ।

बुधबार पत्रकार सम्मेलनको आयोजना गरेर काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले गत असोज १९ गतेदेखि हालसम्म नक्कली कागजपत्र बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहका ३२ जनालाई पक्राउ गरिएको जानकारी दिएका हुन् । पक्राउ परेकाहरुविरुद्ध आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको पनि प्रहरी वरिष्ठ उपरीक्षक राठौरले बताए ।

बुधबार पक्राउ पर्नेमा नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत अरविन्द यादव र अध्यागमन विभागमा कार्यरत अधिकृत नरवीर खड्का रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । रेग्मीका अनुसार पक्राउ परेका अधिकृतहरुले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर आर्थिक लाभ लिने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । यसअघि सोही आरोपमा नेपाल वायुसेवा निगममा पृष्ठ २ मा

### साउदी अरबमा मन्त्री भण्डारीको प्रतिबद्धता

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले कामदार र उसको परिवारको आर्थिक हित तथा सामाजिक सुरक्षालाई उच्च प्राथमिकतामा राख्नुपर्ने विषयमा जोड दिएका छन् । साउदी अरेबियाको रियादमा आयोजित उत्पादकत्व वृद्धिका लागि कामदारको क्षमता अभिवृद्धिसम्बन्धी विश्व सम्मेलनलाई नेपालका तर्फबाट सम्बोधन गर्दै मन्त्री भण्डारीले उक्त दृष्टिकोण राखेका हुन् ।

प्रविधिमा आएको विकासको तीव्रताले पृष्ठ २ मा

### मलेसियामा कोभिड केस अस्वभाविकरुपमा वृद्धि

**क्वालालम्पुर/मस-** मलेसियामा कोभिडका केसहरु एक हप्ताको अवधिमा दोब्बरको संख्यामा वृद्धि भएको देखिएको छ । डिसेम्बर ९ तारिकसम्म ६ हजार ७ सय ९६ केसहरु रहेकोमा बुधबार उक्त संख्यामा करिब दोब्बरले वृद्धि भइ १२ हजार ७ सय ५७ पुगेको मलेसियाका स्वास्थ्य महानिर्देशक डा. मुहम्मद राड्जी अबु हसनले सार्वजनिक गरेका छन् ।

उनले नयाँ संक्रमितको पृष्ठ २ मा





ARE YOU READY TO JOIN OUR TEAM

WE ARE HIRING

**Head of Recruitment and Sourcing** — Competive Salary package (No constraints for deserving candidates.)

- Bachelor's degree in Human Resources or Business Administration (Master's Degree preferred).
- Proficiency in MS Office tools is a prerequisite.
- Demonstrated experience in a similar role or as a Recruitment Officer.
- Displays leadership skills in team dynamics and excels in building strong relationships.
- Possesses a comprehensive understanding of recruitment strategies, techniques, and best practices.
- Highly organized with meticulous attention to detail, skilled in managing multiple recruitment processes simultaneously.
- Exhibits strong interpersonal and communication skills, fostering relationships with clients, candidates, and team members.
- Fluent in English (written and spoken); additional language skills are advantageous. Specialized in global recruitment with strategic thinking.
- Responsible for supervising the entire recruitment and selection process, which includes screening and shortlisting candidates to fulfill clients' staffing needs within specified timeframes.

**Sourcing Specialist - Scaffolding** — Competive Salary package (No constraints for deserving candidates.)

- Min. Higher Secondary education, preferably with a Bachelor's degree.
- Skilled in using MS Office applications.
- Demonstrates a sound grasp of candidate screening and shortlisting procedures.
- Proven experience as a Sourcing Specialist or similar role, preferably in the scaffolding industry.
- Exhibit proven experience as a scaffolder, ideally at the supervisor level, specializing in scaffolding.
- Proficient in leveraging social media platforms, including LinkedIn and Facebook, for professional practices.

**Sourcing Specialist - Rope Access** — Competive Salary package (No constraints for deserving candidates.)

- Min. Higher Secondary education, preferably with a Bachelor's degree.
- Skilled in MS Office applications.
- Expertise in Sourcing Specialist roles, particularly within the rope access industry.
- Demonstrates a strong comprehension of candidate screening and shortlisting procedures
- Proficient in utilizing social media platforms (LinkedIn, Facebook) for professional practices.
- Proven track record in rope access, ideally at the supervisor level with **IRATA Level 3 certification.**

**Sourcing Specialist - Civil Construction, Facilities Management, MEP** — Competitive Salary Package (No constraints for deserving candidates.)

- Min. Higher Secondary education, preferably with a Bachelor's degree.
- Skilled in the use of MS Office applications.
- Showcases excellent communication and negotiation skills.
- Possesses a strong understanding of candidate screening and shortlisting processes.
- A solid understanding of the skilled criteria in the FM, MEP, and construction industries.
- Proficient in utilizing social media platforms, including LinkedIn and Facebook, for professional practices.

**Sourcing Specialist - Hospitality, Retails, Aviation** — Competitive Salary Package (No constraints for deserving candidates.)

- Bachelor's degree in Human Resources or Hotel Management
- Skilled in using MS Office applications.
- Showcase excellent communication and negotiation skills.
- Demonstrate strong networking and relationship-building abilities.
- Shows a solid understanding of candidate screening and shortlisting processes.
- Proficient in leveraging social media platforms, including LinkedIn and Facebook, for professional practices.
- Proven track record of customer service in a managerial or supervisory role either in the Hospitality, Retail, or Aviation industries.

**How to Apply:**
If you are a results-driven individual with a passion for connecting job seekers with employers, and you meet the specified qualifications, we want to hear from you!

Submit your CV to **cv@motherlandgroupnepal.com** with the subject line: Application for [ Position you are applying for.]

MOTHERLAND OVERSEAS PVT. LTD.
ISO 9001:2015 Certified Recruitment Agency
Opposite Basundhara Police Chowki, Kathmandu, Nepal,
01-4961111
www.motherlandoverseas.com

# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CARE PROFESSIONAL SERVICES | शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०८/२७ | चलानी नं.: ६०२११४७१ | LT. No.: 296331

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 10 | 0 | | 1100 | ३९८७५ | | | | | | | |
| 3. | Electrician Assistant | 5 | 0 | | 1000 | ३६२५० | | | | | | | |
| 4. | Messenger | 50 | 0 | | 1000 | ३६२५० | | | | | | | |
| 5. | Maintenance Mechanic Assistant. | 20 | 0 | | 1000 | ३६२५० | | | | | | | |
| 6. | Welder Assistant | 50 | 0 | | 1300 | ४७१२५ | | | | | | | |
| 7. | Mechanic Assistant | 25 | 0 | | 1000 | ३६२५० | | | | | | | |
| 8. | Electrical Mechanic | 5 | 0 | | 1000 | ४७१२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ५ गते (21 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VMS
श्रम इजाजत नं. ९२६/०६७/०६८

VASTU MANAGEMENT SERVICE PVT.LTD.
Balkumari -9 , Lalitpur Nepal, Tel. : 01-5200902/5200306, Mob.: 9828223556, 9808772723.
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

## बार्गेनिङ...

गर्नुपर्ने पनि सुझाइएको छ । यो पनि जसपाको संविधान जारी भएदेखिकै माग हो।

सरकारले सुशासन सुधार र भ्रष्टाचार नियन्त्रणको सन्देश दिनेगरी अख्तियारलाई क्रियाशील बनाउनुपर्ने, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने, महंगी नियन्त्रण, युवा स्वारोजगार कार्यक्रम संचालन गर्ने लगायतका विषय पनि यादवले समेटेका छन्। सरकारले गर्ने राजनीतिक तथा संवैधानिक नियुक्तिहरु योग्यता, क्षमता र अनुभवको आधारमा समानुपातिक सिद्धान्तको आधारमा गर्नुर्पे पनि उनको सुझाव छ । यादवले पेस गरेको प्रस्तावमा शिक्षा, स्वास्थ्य, कृषि, उद्योग लगायतका क्षेत्रका विषयगत सुझाव समेत समेटिएका छन् । शिक्षा तर्फ उच्च मा.वी तहसम्मको शिक्षालाई सरकारले नै व्यवस्थापन र संचालन गरी प्रदेश सरकारको मातहत राख्नुपर्ने, प्रत्येक प्रदेशमा संघीय सरकारको मातहत रहने गरि आवासीय विद्यालयहरु स्थापना गर्नुपर्ने लगायतका छन्।

## ६ वर्षदेखि...

सुरेन्द्रराज पाण्डे भन्छन्, '३ महिनाको केही कुरा थियो, ६ महिनासम्म गर्ने भन्ने कुरा पनि थियो । पुस १५ गते यसको ६ महिना पुग्दै छ। यो अवधिमा निर्णय भएको कुरालाई त्यति तदारुकताका साथ काम भएको हामीले देखेनौं ।' संघीय सरकार गम्भीर नभएकाले पुस १३ गते हेडौंडामा मुख्यमन्त्रीहरुको कार्यक्रम राखेर आन्दोलनको कार्यक्रम तय गर्न लागिएको उनको भनाइ छ । 'अब हामी संघ सरकारसँग छिनोफानो गरेर जाने अवस्थामा पुगेका छौं' उनले भने ।

आफ्ना मागहरु कार्यान्वयन गर्न मधेशले कात्तिक २३ मा प्रधानमन्त्री प्रचण्डलाई एक महिने अल्टिमेटम दिएको थियो । आन्दोलन घोषणा गर्नुअघि मधेश सरकार प्रतिपक्षी एमालेको प्रस्तावमा गत मंसिर २० गते प्रदेशसभाबाट सर्वसम्मत पारित संकल्प प्रस्ताव बोकेर मुख्यमन्त्री नेतृत्वको टोलीले प्रधानमन्त्रीको ध्यानाकर्षण गरेको छ। संकल्प प्रस्ताव प्रधानमन्त्रीलाई बुझाउँदै मुख्यमन्त्री यादवले अल्टिमेटम सकिएको स्मरण गराउँदै आन्दोलनको चेतावनी दिएका छन् । 'अल्टिमेटमको समयभित्र हाम्रो माग पूरा भएन । अब संघर्षमा जान्छौं' प्रधानमन्त्रीलाई भनेको कुरा सुनाउँदै मुख्यमन्त्री यादवले भनेका छन् ।

## एयरपोर्ट...

कार्यरत अधिकृत होमनाथ पोखरेललाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताए । उनले भने, 'त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले संकलन गरेर पठाएका एक हजार ३२ थान भिसासहितका कागजातबाट अनुसन्धान गर्दा गिरोहले पर्यटक भिसाका लागि फर्जी कागजात बनाइ विदेश पठाउने गरेको भेटिएको हो ।' उनले पक्राउ परेकामध्ये कन्सल्टेन्सी सञ्चालक ६ जना, प्रहरी १ जना, पूर्वप्रहरी १ जना, एयरलाइन्सका २ जना र अन्य विभिन्न सेटिङमा संलग्न व्यक्तिहरु ११ जना रहेको पत्रकार सम्मेलनमा बताए। उनले ९ जनाको संगठित अपराधमा तथा १२ जनाको लिखत सम्बन्धी कसुरमा अनुसन्धान भइरहेको पनि जानकारी दिए । ८ जना भने धरौटीमा छुटिसकेको राठौरले जानकारी दिए। भिजिट भिसामा पठाउनका लागि कागजात मिलाएबापत अध्यागमन विभागका कर्मचारीले नयाँको हकमा ५५ हजार र पुरानो (एकपटक विदेश पुगेर फर्किएका)हरूको हकमा भने ४० हजार रुपैयाँ लिने गरेको खुलेको प्रहरीले बताएको छ। यस्तै ट्राभल्सहरूले भने प्रतिव्यक्ति १५ हजार रुपैयाँ लिने गरेको प्रहरीले जनाएको छ । ट्राभल एजेन्सीका सञ्चालकहरुमा वन्ट्रा ट्रिप अनलाइन ट्राभल्सका सञ्चालक मनुराज चौधरी, एचआर टुर्स एन्ड ट्राभल्सका सञ्चालक रामप्रसाद भण्डारी, होलिडेज एन्ड ट्राभल्सका सञ्चालक सरोज यादव, एसकेजे ट्राभल्सका सञ्चालक दिनेश ज्ञवाली, रिलेभेन्ट ट्राभल्सका सञ्चालक देवराज खनाल र एड्भान्स म्यानेजमेन्ट मल्टी ट्रेनिङ सेन्टरका सञ्चालक गणेश पाण्डे पक्राउ परेका छन्।

## साउदी...

कामको शैली अनपेक्षित परिवर्तन भइरहेको भन्दै मन्त्री भण्डारीले भविष्यको उच्चस्तरीय प्रविधिको परिवेशमा कामदारलाई दक्ष बनाउनु चुनौतीपूर्ण रहेकोले उक्त महत्वपूर्ण प्रश्नको समाधानका लागि सहकार्य हुनुपर्ने बताए । नेपालले प्राविधिका आधारमा हुने काममा वर्तमान युवा जनशक्तिको कमजोरी (ग्याप)को पहिचान गरी उनीहरूलाई सीपका आधारमा दक्ष बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गरे।

मन्त्री भण्डारीले कामदारको सीपको साथसाथै कामदार र आश्रित परिवारका सामाजिक सुरक्षाको विषय पनि उत्तिकै महत्वपूर्ण भएको महसुसका आधारमा नेपालले सामाजिक सुरक्षाका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको पनि उल्लेख गरे ।

## मलेसियामा...

संख्या बढे पनि मलेसियाको समग्र अवस्था अझै नियन्त्रणमा रहेको र विद्यमान स्वास्थ्य सेवालाई बोझ नपर्ने बताए । कोभिड केसहरुमा अचानक तीव्र वृद्धि देखिएपनि अधिकांश संक्रमितलाई हल्का लक्षणहरु देखापरेको र उनीहरुलाई अस्पतालमा उपचार आवश्यक नपर्ने पनि महानिर्देशक हसनले बताएका छन् ।

उनले तत्कालका लागि पर्यटक तथा विदेशी कामदार आवागमनमा कुनै निर्देशन जारी नगरिएको, तर स्वास्थ्यकर्मीलाई उच्च सतर्कता अपनाउन निर्देश गरिएको बताएको मलेसियन अनलाइन दि स्टारले उल्लेख गरेको छ । उनले कोभिड-१९ का केसहरुको बढ्दो प्रवृत्ति धेरै छिमेकी देशहरु र मलेसियालगायत विश्वव्यापीरुपमा पनि रिपोर्ट गरिएको बताएका छन् ।


# KUWAIT मा वैदेशिक रोजगार ।

कम्पनी: BEAUTY IMAGE SALON
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०८/२७ चलानी नं.: ६०२११५०१ LT. No.: 296457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | सम्बन्धित काममा दक्ष | 100 | ४३,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairdresser | 0 | 3 | | 150 | ६४,७७८ | | | | | | | |
| 3. | Manicure & Pedicure | 0 | 4 | | 150 | ६४,७७८ | | | | | | | |
| 4. | Massagist | 0 | 2 | | 150 | ६४,७७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस ५ गते (21 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Kathmandu-4, Prakash Marg, Dhumbarahi, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np
Govt Lic. No: 335/059/060



# कतारमा रोजगार

कम्पनी: TANZIFCO COMPANY WLL
शहर: Doha

पूर्व स्वीकृत मितिः २०८०/०८/२७ चलानी नं.: ६०२११५०६ L.T. No.: 296517

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 80 | 0 | स. काममा दक्ष | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ५ गते (21 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com


# एसएनएस को-अपरेटिभ सर्भिस लिमिटेडको
## १५ औं बार्षिक साधारण सभा सम्बन्धि सूचना ।।।

**आदरणीय शेयर सदस्य महानुभावहरु**

यस एसएनएस का-अपरेटिभ सर्भिस लिमिटेडको संचालक समितिको मिति २०८० साल मंसिर २६ गते बसेको ९५औं बैठकको निर्णयानुसार यस संस्थाको १५औं बार्षिक साधारण सभा तपशिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पुर्ण आदरणीय शेयर सदस्य महानुभावज्यूहरुमा यसै सुचनालाई आधार मानी उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम तालिका**

मिति : २०८० साल पुस २१ गते (तद्अनुसार ६, जनबरी २०२४)
समय : विहान ११:०० बजे
स्थान : सुर्य क्याटरिङ एण्ड पार्टी प्यालेस, धुम्बाराही आनन्दमार्ग काठमाण्डौं

**छलफलका प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बार्षिक प्रतिवेदन तथा आर्थिक बर्ष २०८०/८१ को अनुमानित बार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७९/८० को बासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तिय विवरण पारित गर्ने ।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
४. आर्थिक बर्ष २०८०/८१ को लागि लेखापरिक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. आर्थिक बर्ष २०७९/८० मा संचालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६. कोषहरुको बाँडफाँड स्वीकृती एवम् कोषको वितरण सम्बन्धमा ।
७. संस्थाको विनियम, नियमावली तथा कार्यविधिहरु संशोधन तथा पुर्नलेखन गर्ने सम्बन्धमा ।
८. संचालक समितिको रिक्तपद पदपुर्ति सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट आवश्यक प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११. विविध ।

**संचालक समितिको आज्ञाले**
**बोर्ड सचिव**

एसएनएस को-अपरेटिभ सर्भिस लि.
SNS CO-OPERATIVE SERVICE LTD.

केन्द्रिय कार्यालय
न्युरोड- २२, काठमाण्डौं नेपाल
सम्पर्क नं.: ०१५३६९३०४

# रिलायन्स इन्टरनेशनल एकेडेमी प्रा. लि. को
## २०७९/०८० को बार्षिक साधारण सभा सम्बन्धी सूचना

यस रिलायन्स इन्टरनेशनल एकेडेमी प्रा.लि.को **बार्षिक साधारण सभा**को लागि मिति २०८०।०८।२२ गते, शुक्रवार बसेको संचालक समितिको वैठकको निर्णय अनुसार सम्पूर्ण शेयरधनीहरुलाई पत्र पठाइसकिएको छ । यदि पत्र प्राप्त नभएको अवस्थामा यसै सूचनालाई आधारमानि निम्न मिति, समय र स्थानमा यस प्रा.लि. का सम्पूर्ण शेयरधनिहरुको उपस्थितीमा तपसिल बमोजिमका विषयहरुमा छलफल गर्न **बार्षिक साधारण सभा** सम्पन्न हुन गईरहेको हुँदा उपस्थित भईदिनुहुन अनुरोध गर्दछौं ।

**१. मिति, समय तथा स्थान :**
**मिति** : २०८०/०९/२१ (शनिवार)
**समय** : दिउँसो १:०० वजे ।
**स्थान** : कम्पनीको केन्द्रिय कार्यालय, बुढानिलकण्ठ न.पा. वडा नं. १०, विवेकचोक, कपन, काठमाडौं ।

**२. छलफलका विषयहरु :**
क) आ.व. ०७९/०८० को संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने कम्पनीको बार्षिक प्रतिवेदन अनुमोदन सम्वन्धमा ।
ख) आ.व. ०७९/०८० को कम्पनीका तर्फवाट लेखापरीक्षकज्यूले पेश गर्नुहुने लेखापरीक्षण प्रतिवेदन अनुमोदन सम्वन्धमा ।
ग) आ.व. ०८०/०८१ को निम्ति लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
घ) लाभांश अनुमोदन सम्वन्धमा ।
ङ) विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी प्रशासक**

# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कुश्मीसेरा, बाग्लुङ
गण्डकी प्रदेश, नेपाल

**करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०८०/०८/२७**

यस जैमिनी नगरपालिकाको लागि तपसिल बमोजिमका रिक्त पद करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**विज्ञापन नं, पद, सेवा, समूह र आवश्यक पद संख्याः**

| क्र.स. | विज्ञापन नं. | पद | सेवा | समुह | तह | संख्या | परिक्षाको किसिम | कार्यक्षेत्र | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११-०८०/०८१ | कृषि स्नातक प्राविधिक | कृषि | कृषि | स्थानीय सेवाको छैठौं तह सरह | १ (एक) | लिखित र अन्तर्वार्ता | जैमिनी नगरपालिकाको कृषि शाखा | |
| २ | १२-०८०/०८१ | हेल्थ असिष्टेन्ट | स्वास्थ्य | हे.ई. | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) | लिखित र अन्तर्वार्ता | जैदी स्वास्थ्य चौकी | |
| ३ | १३-०८०/०८१ | अ.हे.व. | स्वास्थ्य | हे.ई. | स्थानीय सेवाको चौथो तह सरह | १ (एक) | लिखित र अन्तर्वार्ता | अर्जेवा स्वास्थ चौकी | |
| ४ | १४-०८०/०८१ | रिटर्नी स्वयंसेवक | - | - | - | १ (एक) | अन्तर्वार्ता | वडा नं ८ र १० | दोस्रो पटक प्रकाशित सूचना |

**परीक्षा केन्द्रः-** जैमिनी नगरपालिका वडा नं १ को सभाहल ।

**दरखास्त दस्तुरः-** विज्ञापन नं ११ को लागि रू १००० (एक हजार), विज्ञापन नं. १२ को लागि रू ७०० (सात सय), विज्ञापन नं. १३ को लागि रु. ५०० (पाँच सय) र विज्ञापन नं. १४ को लागि रू ३०० (तिन सय) यस जैमिनी नगरपालिकाको ग्लोबल आई.एम.ई. बैंकको शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०४५०४०१००००००५ मा जम्मा गरेको भौचरको सक्कल प्रति दरखास्त साथ बुझाउनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०/०९/११ (कार्यालय समय भित्र यदि दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा अर्को दिन पनि दरखास्त दिन सकिनेछ ।)

**उम्मेदवारको उमेर हदः-** कम्तीमा १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।

**बुझाउनु/अपलोड गर्नुपर्ने कागजातहरूः-** नागरिकताको प्रतिलिपी, चारित्रिक प्रमाणपत्र प्रतिलिपी, न्यूनतम् योग्यताको लब्धाक प्रमाणपत्रको प्रतिलिपी, ३ प्रति पासपोर्ट आकारको फोटो र अनुभव खुल्ने कागजातको प्रतिलिपी र रिटर्नी स्वयंसेवकको लागि थप तोकिएको मुलुकबाट वैदेशिक रोजगारीमा गई फर्केको राहदानीको प्रतिलिपि ।

**लिखित परीक्षा हुने मितिः-** २२०८०/०९/१७ गते

**पदमा रहि गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

**सेवा सुविधाः**
**क) स्नातक कृषि प्राविधिकः** स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम हुनेछ ।
**ख) हेल्थ असिष्टेन्ट र अ.हे.व पदको लागिः** नेपाल सरकारले तोके बमोजिम ।
**ग) रिटर्नी स्वयंसेवकः** कार्यक्रम सञ्चालन कार्यसमितिले तोके बमोजिम ।

**दरखास्तको लागिः** जैमिनी नगरपालिकाको कार्यालयमा स्वयं उपस्थित भई अथवा नगरपालिकाको अनलाईन एप्लिकेसन https://jaiminimun.gov.np/content/vacancy बाट पेश गर्न सकिनेछ ।

**आवश्यक न्यूनतम योग्यताः**
**कृषि स्नातक प्राविधिक पदको लागिः**
मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तिर्ण उत्तिर्ण गरेको।
**हेल्थ असिष्टेन्ट पदको लागिः**
मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको (नविकरण सहितको) दर्ता प्रमाणपत्र प्राप्त भएको ।
**अ.हे.व. पदको लागिः**
मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. कोर्ष उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको (नविकरण सहितको) दर्ता प्रमाणपत्र प्राप्त भएको ।
**रिटर्नी स्वयंसेवक पदको लागिः**
न्यूनतम कक्षा १० (महिलाको हकमा कक्षा ८) पास गरि वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको तोकिएको मुलुकबाट वैदेशिक रोजगारीमा गई फर्केको राहदनीको प्रतिलिपि ।

कुनै विषेश कारणवस विज्ञापित पदमा पदपूर्ति गर्ने वा विज्ञापन रद्द गर्ने सम्बन्धी अधिकार सूचिकरण तथा अन्तरवार्ता समितिमा रहनेछ ।

***पुनश्चः सूचनामा उल्लेख नभएका कुरा प्रचलित कानुन तथा सूचिकरण तथा अन्तरवार्ता समितिको निर्णयअनुसार हुनेछ।***

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# Chulachuli Rural Municipality
## Office of the Rural Municipal Executive

**Chulachuli, Ilam**
**Koshi Province, Nepal**

## Invitation for Online Bids

**Date of Publication:14 Dec 2023 (2080/08/28)**

1. Chulachuli Rural Municipality, Office of the Rural Municipal Executive, Chulachuli, Ilam invites online Bids under e-procurement system from eligible bidder for the procurement of following works:

| S.N | Contract Identification Number | Description and Location of Works | Estimated amount with vat and P.S | Bid Security Amount (Nrs) | Cost of Bidding Documents (NRS) | Remarks | Account for Bid purchase |
|---|---|---|---|---|---|---|---|
| 1 | 11/Chulachuli/ 080/81 | Upgradation of Chulachuli Marga Ward no 1 Chulachuli Ilam | 1,27,09,576 | 300000 | 3000 | NCB | Ga-1.1 Rajaswa (revenue) account Account no. 1 030060744200030 |
| 2 | 12/Chulachuli/ 080/81 | Construction of Khaneu Kholsi Culvert | 2379862 | 55000 | 3000 | NCB | |

2. For further detail bidders are requested to visit the notice board of Chulachuli Rural Municipality or PPMO's website https://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**
**Chulachuli Rural Municipality**

# धौलागिरी कालिका हाईड्रो लिमिटेड

**(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)**
काठमाण्डौ, नेपाल

## बार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस धौलागिरी कालिका हाईड्रो लिमिटेडको आठौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति : २०८०/०९/१९**
**समय : विहान ११:०० बजे**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ ।**

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु**

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. आ. व. ०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात र आ. व. ०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. ०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको पुँजी वृद्धि गर्ने
५. कम्पनीको उद्देश्य थप गर्ने सम्बन्धमा ।
६. सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।
७. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः- अन्य आबश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५२७३०, ४५३६८१९ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

# इप्पानले रास्वपालाई दियो ऊर्जा नीतिका लागि सुझाव

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, २७ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्माण गर्न लागेको ऊर्जा नीतिमा स्वतन्त्र ऊर्जा उत्पादकहरुले ऊर्जाको अध्ययन, उत्पादन, प्रसारण एवम् व्यापार र वितरणमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने नीति लिन सुझाव दिएका छन् । मंगलबार स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले आयोजना गरेको रास्वपा-इप्पान अन्तरक्रियामामार्फत् ऊर्जा नीतिमा समेट्नुपर्ने विषयबारे उक्त सुझाव दिइएको हो ।

इप्पानले दिएका सुझावहरुमा ऊर्जाको स्रोत, उपयोग, भण्डारण र व्यापारमा विविधीकरण गर्ने, ऊर्जालाई निर्यात योग्य वस्तुको रुपमा विकास गरी हरित ऊर्जा उत्पादन वापत प्राप्त हुने कार्बन फण्डको लागि अन्तर्राष्ट्रिय समुदायसँग पहल गर्ने, निजी क्षेत्रको प्रवर्द्धनका लागि लगानीमैत्री, सरल, छोटो र पारदर्शी प्रक्रिया अवलम्बन गर्ने र स्वदेशी निजी क्षेत्रलाई प्राथमिकता दिई संरक्षण गर्दै विदेशी लगानीलाई आकर्षण गर्नेलगायत रहेका छन् ।अन्तरक्रिया कार्यक्रममा बोल्दै इप्पान अध्यक्ष गणेश कार्कीले ऊर्जाको माध्यमबाट रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन, ग्रामीण पूर्वाधार र पर्यावरणमैत्री विकास गर्दै ऊर्जालाई नेपालको आर्थिक समृद्धिको प्रमुख संवाहक बनाउने गरी नीति निर्माण गर्न रास्वपालाई आग्रह गरेका छन् । अध्यक्ष कार्कीले विद्युत खरीद बिक्री सम्झौता (पीपीए) सम्पन्न भएका तीन हजार छ सय मेगावाट क्षमताका आयोजनाको वित्तीय व्यवस्थापन हुन नसकेको बताउँदै रास्वपालाई यी विषयमा आवाज उठाउन आग्रह गरेका छन् । नेपाली प्रवर्द्धकलाई सरकारले हरेक कार्यमा थिचेको र स्वदेशी निजी क्षेत्रको संरक्षण बिना विदेशी लगानी आकर्षित हुन नसक्ने बताउँदै उनले जग्गा प्लटिङ गर्नेलाई हदबन्दी छुट दिने सरकारले ३०/३५ वर्षपछि सरकारकै सम्पत्ति हुने जलविद्युत आयोजनाको लागि किन हदबन्दी छुट दिन सक्दैन भन्ने प्रश्न गरे ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE WESTIN DOHA HOTEL & SPA | शहर: DOHA
पुर्व स्वीकृत मितिः २०८०/०८/२७ | चलानी नं.: ६०२११४९८ | LT. No.: 296480

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Services | 5 | 1 | स. काममा दक्ष | 1500 | ५४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि–अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ५ गते (21 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
### लाईफ लाईन ओभरसिज प्रा. लि.
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१–५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com
Mobile No: 9851193449 | 9851017534 | 9851180954
Itahari- 9852022500 | Butwal- 9851002976 | Pokhara- 9803906755


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## शाखा कार्यालय सिराहा बजार, सिराहाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/२८ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय सिराहा बजार, सिराहाबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**
पुलकित मुखियाको बुहारी, जोगिन्द्र मुखियाको पत्नी, सिराहा जिल्ला, चतरी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सुमारी देवी मुखिया (ना.प्र.नं. ११००५२४३, सिराहा)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**
विलट मुखियाको नाति, जलेश्वर मलाहाको छोरा, सिराहा जिल्ला, हनुमाननगर प्र.म. गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **शिव कुमार मुखीया (ना.प्र.प.नं. ३२७१२२६२, सिराहा)**

**२. ऋणीको विवरण**
राम विलास दासको बुहारी, शंकर दासको पत्नी, सिराहा जिल्ला, औरही गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **तेतरी देवी दास (ना.प्र.नं. १५३०६३/३०२, सिराहा)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**
देवनारायण दासको नाति, राम विलास दासको छोरा, सिराहा जिल्ला, औरही गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **शंकर दास (ना.प्र.नं. १५३०६३/२२, सिराहा)**

## मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०८०/०८/२८ गते)**

यस गाउँपालिकाको तपसिल बमोजिमको कार्य विद्युतीय बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कार्यको ईजाजतपत्र प्राप्त निर्माण व्यवसायीहरुबाट बोलपत्र आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.modimun.gov.np मा हेर्नुहुन सूचित गरिन्छ ।

तपसिल :-

**१. काम सम्बन्धी विवरण –**

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | लागत अनुमान (भ्याट बाहेक) रु | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|
| १. | 03/MRM/NCB/WORKS/2080-81 | कुश्मा नगरपालिका ११ गंगहते हुँदै गोतामेथर, रापु, आर्थर, डाँडाखर्क हुँदै स्याङ्गजा सडक | ९८,१२,३७८/५२ | ३००० |

**२. खाता तथा बोलपत्र दस्तुर सम्बन्धी विवरण –**

| विवरण | धरौटिको लागि | बोलपत्र दस्तुरको लागि |
|---|---|---|
| रकम | रु २७५००० | रु ३,००० |
| बैंकको नाम | नेपाल बैंक लिमिटेड, मोदी शाखा | नेपाल बैंक लिमिटेड, मोदी शाखा |
| खाताको नाम | GA 3.1-MODI GAPA STHANIYA TAHA DHARAUTI KHATA | GA 1.1-MODI GAPA AANTARIK RAJASWA KHATA |
| खाता नं. | 32603000003001000001 | 32603000001001000001 |

पर्यटनको नयाँ गन्तव्य
## लिम्चुङबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
कोशी प्रदेश नेपाल

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः- २०८०/०८/२७**

यस कार्यालयबाट मिति २०८०/०७/०१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिल अनुसार e–GP मार्फत शिलबन्दी दरभाउपत्रको सुचनामा अन्तिम मिति भित्र रितपूर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्बजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र दाता | बोलपत्र दाताको ठेगाना | कामको बिबरण | ठेक्का नं. | कबोल रकम रु. VAT बाहेक | कै. |
|---|---|---|---|---|---|---|
| १. | बिकाश कन्ट्रक्सन | त्रियुगा-१०, उदयपुर | Ward Office Building Construction | LRM/UDA/Works/NCB/02/2080/81 | 6843392.89 | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## गढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

### गढी गाउँपालिकाको जनहितमा जारी सन्देश

१. घर निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
२. घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
३. घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा गाउँपालिकाबाट नक्सा पार गरौं ।
४. सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
५. सार्वजनिक सम्पति संरक्षणमा यस गाउँपालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
६. घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
७. हाम्रो टोल बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
८. आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
९. बालश्रमको प्रयोग नगरौं, गाउँपालिकालाई बालश्रममुक्त बनाऔं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
१०. सडक छेउ किनारामा निर्माण सामग्रीहरू नराखौं । सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
११. आफ्नो घर परिसमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतीको आशयको सूचना

**प्रकाशित मितिः २०८०/०८/२८**

प्रस्तुत बिषयमा मिति २०८०/०७/१८ गते यस कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिबाट तपसिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/NCB/02/080/081 | Supply, Delivery of Medicine & Surgical for Chaurjahari Municipality, Rukum (West) | UNIQUE PHARMA, Nepaljung-2, Banke | 2704272.44 NPR |

**नि. प्रमुख प्रशासकीय अधिकृत**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२८ मंसिर २०८०, बिहीबार
14 December 2023, Thursday

सम्पादकीय

# फेरि पनि कब्जाकै मनोविज्ञान !

संघीय संसदको महासचिव नियुक्ति प्रक्रिया फेरि विवादित बन्न पुगेको छ । तत्कालीन महासचिव भरतराज गौतमले अप्रत्यासित राजीनामा दिए लगत्तै पद्मप्रसाद पाण्डेय महासचिवमा सिफारिस भएका थिए । तर प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिम्सिनाले गरेको सिफारिस राष्ट्रपति रामचन्द्र पौडेलले रोकेका छन् । राष्ट्रपति पौडेलले नयाँ सिफारिस बमोजिम नियुक्त नगरेपछि यो विषय सतहमा आएको हो । राष्ट्रपति कार्यालयले गौतमको राजीनामा स्वीकृत नहुँदै नयाँ महासचिवको सिफारिस आएकाले अध्ययन गर्न समय लिएको तर्क गरेको छ । यद्यपि तत्कालीन महासचिव गौतमको राजीनामा बुधबार स्वीकृत भयो । तर आइतबार भएको सिफारिस अगाडि नबढाउनुको पछाडि राजनीतिक स्वार्थ रहेको सहज अनुमान लगाउन सकिन्छ ।

किनकि लामो समय बाँकी छदै गौतमले पदबाट राजीनामा दिनुमा चित्तबुझ्दो कारण छैन । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेकै चाहनामा महासचिव बनेका गौतमले घरायसी कारण भनेका छन् । अनि आगामी २० फागुनमा राष्ट्रियसभाका अध्यक्षबाट तिम्सिना हट्दैछन् । सभामुख घिमिरे एमालेकै उम्मेदवार बनेर निर्वाचित भएका हुन् । तसर्थ राष्ट्रियसभाको अध्यक्षमा अर्को दलबाट आउनु अगाडि नै पाण्डेयलाई महासचिव बनाउने एमालेको योजना अनुसार राजीनामा/सिफारिसको प्रक्रिया चलेको प्रष्ट छ । अर्कातिर एमालेको चाहना रोक्ने सत्तारूढ गठबन्धनको कदम राष्ट्रपतिले पालना गरेको पनि लुक्दैन । किनकि राष्ट्रियसभाको अध्यक्षमा आफू निकट व्यक्ति निर्वाचित हुने दिन नजिकिदैछ । तसर्थ राष्ट्रपति पौडेलमार्फत् अहिलेको सिफारिस रोक्ने योजनामा सत्तारूढ देखिन्छ । सत्तारूढ र एमालेको स्वार्थमा संसद् सचिवालय चाहिँ कार्यबाहक नेतृत्वबाट चल्ने अवस्था सिर्जना भएको छ ।

विगतका नजीरले पनि नयाँ सिफारिस रोकिने खतरा छ । २०७३ मा तत्कालीन सभामुख ओनसरी घर्तिमगरले गरेको सिफारिस लामो समय तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले रोकेकी थिइन् । त्यसबेला पनि संसद् सचिवालयको नेतृत्व हत्याउने राजनीतिक स्वार्थ थियो । अहिले त्यही चक्र दोहोर्‍याउनेतिर दलहरू लागेका छन् र त्यसमा राष्ट्रपति, राष्ट्रियसभा अध्यक्ष र सभामुख प्रयोग भएको देखिन्छ । जबकी संसद् सचिवालयको नेतृत्वमा निष्पक्ष व्यक्ति आउनु आवश्यक छ । व्यवस्थापिकालाई जनप्रतिनिधिको थलो बनाउन पनि संसद् सचिवालयको नेतृत्व निष्पक्ष हुनुपर्छ । त्यही भावना अनुसार सभामुख र राष्ट्रियसभाका अध्यक्षले राजनीतिक पार्टीको पदबाट राजीनामा गर्नुपर्ने वैधानिक व्यवस्था छ । तर हरेक क्षेत्रमा राजनीतिक दाउपेच र कब्जाको मनोविज्ञान देखाउँदै आएका दलहरूले फेरि संघीय संसदलाई पनि गतिहीन बनाउनेतिर लागेका छन् । यस्तो प्रयत्न सच्याउनु नै दल, तिनका नेतृत्व र राष्ट्रपतिसहित व्यवस्थापिका प्रमुखका निम्ति उचित कदम हो ।

# 'कोश टेपा नहर' निर्माणको सन्देश

अग्रलेख



● नेत्र सुवेदी 'प्रयास'

भर्खरै सुन्दा नेपालको पूर्व कोशी प्रदेशमा पर्ने कोशी टप्पुजस्तो सुनिने तर, नेपालभन्दा बाहिर सार्क सदस्य राष्ट्र अफगानिस्तानको उत्तरी भेगमा निर्माणाधीन मानव निर्मित नदी वा सिँचाइ नहरको नाम हो 'कोश टेपा नहर' । लामो समयसम्म शक्ति राष्ट्रको नियन्त्रण र गिद्धे नजरमा परेको र गृहयुद्धबाट जर्जर बनेको मुलुक जहाँ अहिले यसअघि स्वतन्त्रताको माग राखी हतियार उठाएको तालिवान समूह नै सरकार छ र त्यही तालिवान सरकारले अगुवाइ गरी मुलुकको विकास र निर्माणका लागि नमूना काम गरिरहेको हुँदा कोश टेपा नहर निर्माणले चर्चा पनि बटुलेको छ ।

हुन त अन्य मुलुकहरुमा पनि राष्ट्रिय महत्व र प्रतिष्ठाका ठूला-ठूला परियोजनाहरु विगतदेखि बन्दै आएका थिए । ती परियोजनाले ती देशहरुको अर्थतन्त्रमा दूरगामी असर छाड्न सकेको पाइन्छ । जस्तो कि ब्लू नाइलको पानी प्रयोग भएको इथियोपियाको द ग्रान्ड रिनास बाँधलाई अफ्रिकाकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना मानिएको छ । यो पानी जम्मा गरेर जलविद्युत् उत्पादन गर्न तयार पारिएको बाँध हो । यसको लम्बाइ एक हजार आठ सय मिटर र उचाइ एक सय ४५ मिटर रहेको भने जलविद्युत् क्षमता छ हजार मेगावाट हुने अनुमान गरिएको छ । सन् २०२२ बाट उत्पादन र उपभोग सुरु भएको उक्त परियोजनाबाट उत्पादित केही विद्युत् विदेश निर्यात पनि भइसकेको छ भने पूर्ण क्षमतामा उत्पादन हुनका लागि केही काम अझै पनि बाँकी छ । इथियोपियाले यो बाँध बाँधेर पानीको प्रयोग गरिरहँदा इजिप्ट र सुडानमा भने पानीको समस्या थप गहिरिँदै गएको भए पनि यो परियोजनाले अन्तरराष्ट्रिय जगत्मै चर्चा बटुलेको छ ।

हाम्रो छिमेकी देश चीनतर्फ हेरौँ । उत्पादनका दृष्टिले सबैभन्दा बढी विद्युत् अर्थात् २२ हजार पाँच सय मेगावाट उत्पादन गर्ने थ्री गर्जेज नहर धेरैले नाम सुनेकै संरचना हो । चीनको हुवे प्रान्तमा पर्ने यो परियोजना सम्पन्न गर्न सन् १९९३ देखि २००६ सम्मको अवधि तथा २.३ खर्ब अमेरिकी डलर खर्च भएको थियो । यो बाँधको लम्बाइ २.३ किलोमिटर र उचाइ एक सय ८५ मिटर रहेको छ । याङ्सी नदीबाट बाँधिएको यो बाँध निर्माणका बखत थुप्रै ऐतिहासिक कला समेटिएका संरचनाहरु हटाइएका थिए भने यो बाँधमा कुनै समस्या आयो भने ठूलो सङ्ख्याका सहर र गाउँहरु प्रभावित हुने भनेर वातावरणविद्हरुले आशंका व्यक्त गर्ने गरेको भए पनि चीनको विकासका लागि भने यो परियोजना एउटा अमूल्य वरदान साबित भएको छ । आकारका हिसाबले सबैभन्दा ठूलो भनेर लिइने बाँध भनेर जाम्बिया र जिम्बाबेको बीचबाट बग्ने जाम्बेसी नदीमा सन् १९५५ देखि सन् १९५८ सम्मको अवधिमा निर्माण भएको करिबा बाँधलाई चिनिन्छ । फ्रेन्च आर्किटेक्ट आन्द्रे कोयनले डिजाइन गरेको यो बाँधलाई पनि अफ्रिका महादेशकै शानका रूपमा लिन सकिन्छ ।

## मानवनिर्मित नदीका रूपमा कोश टेपा नहर

कोश टेपा नहर भने अफगान सरकारले बाह्य सहयोग नलिएरै पाँच वर्षमा सम्पन्न गर्ने गरी काम अगाडि बढाएको सिँचाइ परियोजना हो । सन् २०२२ मार्च ३० मा औपचारिकरूपमा उद्घाटन कार्यक्रममा उपस्थित उपप्रधानमन्त्री मुल्ला अब्दुल घानी बरादरले परियोजनाको सुरुवात हुनु भनेको नै देशको आत्मनिर्भरताका लागि र खासगरी कृषि क्षेत्रका लागि एउटा महत्वपूर्ण पाइला भएको र परियोजनाको सफल कार्यान्वयनमा सबैको सहयोग आवश्यक रहेको बताएका थिए । साथै, उनले हामी आफ्नो कामका लागि अरूमा निर्भर हुन नहुने अभिव्यक्ति दिएका थिए । सोही अवसरमा कृषि सिँचाइ तथा पशु विकाससम्बन्धी कार्यवाहक मन्त्रीले अफगानीहरुको आर्थिक सवालमा अरूकै वर्चस्व रहेको र यसबाट बाहिर आउनुपर्ने, पानीको स्रोत पनि प्रयोग गर्न नसक्दा अरूले प्रयोग गरिरहेको बताएका थिए ।

कोश टेपा नहरकै कुरा गर्दा यो नहर आमुदरिया नदीबाट बाल्क प्रान्तमा बाँध बाधिने र जौजन प्रान्त हुँदै फरेव प्रान्तसम्म पुग्ने २८५ किलोमिटर लामो नहर तयार गर्नका लागि हाल पहिलो चरणको काम भइरहेको छ । यो परियोजना सम्पन्न हुँदा ५० हजार हेक्टरभन्दा बढी जमीनमा सिँचाइ सुविधा पुग्ने र गहुँ र खनिज तेलको आयात घटाउने आशा गरिएको छ । नहरको निर्माण तीन चरणमा सम्पन्न गर्ने गरी काम भैरहेको छ । पहिलो चरणको १०८ किमी लामो नहरको पूर्वाधार बनाउने काम अन्तिम चरणमा पुगेको छ भने दोस्रो र तेस्रो चरणमा गरी बाँकी १७७ किमी नहर पाँच वर्षभित्र सम्पन्न हुने प्रक्षेपण छ ।




*कोश टेपा नहरलाई सिँचाइ सुविधा उपलब्ध गराउने भनेर एकपक्षीय ढङ्गले मात्र हेर्दा अपूरो हुन्छ, यसलाई विकास परियोजनाको भूराजनैतिक तथा आन्तरिक राजनीतिको समेत एउटा सफलताको मापनका रूपमा लिन सकिन्छ । देशभित्रका विकास गतिविधिमा बाह्य शक्तिको पकड हुन नदिइ साझा एजेण्डाका रूपमा अगाडि बढाइनु पक्कै पनि नेपालका लागि समेत सिक्नयोग्य मोडल नै हो ।*

नहर निर्माण सम्पन्न हुँदा जम्मा पाँच लाख ५० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ । अन्तरराष्ट्रिय कानुनअनुसार आमु नदीबाट २६ प्रतिशत पानीमा अफगानिस्तानको अधिकार छ र हालसम्म १५ प्रतिशत मात्र प्रयोग भैरहेको छ । बाँकी पानीमा ताजकिस्तान र उज्वेकिस्तानको समेत साझेदारी रहेको छ । वास्तवमा पाँचवटा देशको भूभाग हुँदै बग्ने नदी हो आमुदरिया नदी । सीमावर्ती क्षेत्रमा आइपुग्दा ज्यादा भाग ताजकिस्तान (७२.८ प्रतिशत) मा पर्दछ भने १४.६ प्रतिशत अफगानिस्तानमा र ८.५ प्रतिशत उज्वेकिस्तानमा पर्दछ । आमुदरिया नदीका मुख्य सहायक नदीहरु काफिरनिगन शेरावाद र सुर्हनदरिया रहेका छन् ।

## अफगानिस्तानका प्रान्त र सीमावर्ती देशहरु जनाउने नक्सा

अफगानिस्तान विभिन्न आदिवासी समूहहरुको बर्चस्व रहेको र द्वन्द्वबाट प्रभावित मुलुकमध्ये पर्दछ । विभिन्न समयक्रममा अफगानिस्तानमा बेलायत, रसिया र संयुक्त राज्य अमेरिकाले नियन्त्रणमा लिएको इतिहास छ । पाकिस्तान र अफगानिस्तानको बीचमा डेकन लाइनले छुट्याएको छ भने अन्य सीमावर्ती मुलुकसँग पनि बेला-बेला सीमा विवाद हुने गर्दछ । केही दोहोरो भूपरिवेष्ठित मुलुकहरुले समुद्रसम्म पुग्नका लागि अफगानिस्तानको भूभाग प्रयोग गर्नुपर्ने हुँदा सम्बन्ध चिढाउन नचाहेको पनि हुन सक्छ । द्वन्द्वको असर, सार्क सदस्यता, भूपेरिवेष्ठित हुनु, गरिबी र जातीय संरचनाको अवस्था हेर्दा नेपाल र अफगानीस्तानबीच समानताहरु भेटिन्छन् । सन् २०२१ अगस्ट १५ मा सत्ता कब्जा गरेर शक्तिमा आएको तालिबान नेतृत्वको सरकारले कसरी जनविश्वास जित्ने र कसरी विकास र जीविकामा सहयोगी भूमिका निभाउन सक्छ भन्ने खोजीको फलस्वरूप कोश टेपा नहरको निर्माणले मूर्त रूप पाएको हुन सक्छ ।

कोश टेपा नहर निर्माणको उद्देश्य राख्दा नै अफगानिस्तानभित्रै गहुँको उत्पादन बढाई अहिले जति आयात गर्न परेको छ, त्यसको दोब्बर मात्रामा निर्यात गर्ने लक्ष्य राखिएको छ । यो परियोजना निर्माणमा स्वदेशी स्रोत मात्रै प्रयोग हुने र कसैको आर्थिक प्राविधिक सहयोग नलिने घोषणा पनि गरिएको छ । गरेमा सम्भव छ भन्ने सन्देश दिँदै भविष्यमा गरिने अन्य विकास क्रियाकलापका लागि उत्प्रेरकको काम गर्ने ध्येयका साथ सरकारले यो परियोजनामा ध्यान केन्द्रित गरेको देखिन्छ । यो आयोजना निर्माणका लागि नयाँ पुराना गरी चार हजारभन्दा बढी उपकरण प्रयोगमा छन् भने पाँच हजार पाँच सयभन्दा बढी व्यक्तिहरु काममा संलग्न छन् । परियोजना पूरा भएपछि पनि दुई लाख ५० हजार जति व्यक्तिहरुले रोजगारी पाउने प्रक्षेपण गरिएको छ ।

## परियोजनाको बहुपक्षीय उपयोगिता विश्लेषण

ठूलो परियोजनाको रूपमा कोशटेपा नहरलाई सिँचाइ सुविधा उपलब्ध गराउने भनेर एकपक्षीय ढङ्गले मात्र हेर्दा अपूरो हुन्छ । यो विकास परियोजनाको भूराजनैतिक तथा आन्तरिक राजनीतिको समेत एउटा सफलताको मापनका रूपमा लिन सकिन्छ । आन्तरिकरूपमा उत्पादन बढाई सबल बन्न सकेमा आन्तरिकरूपमा दिगो शान्ति सम्भव हुन्छ भने भूराजनैतिक सन्तुलनसमेत सहज हुन्छ । देशभित्रका विकास गतिविधिमा बाह्य शक्तिको पकड हुन नदिई साझा एजेण्डाका रूपमा अगाडि बढाइनु पक्कै पनि नेपालका लागि समेत सिक्नयोग्य मोडल नै हो । आर्थिक आयाममा त यो परियोजना आत्मनिर्भरतातर्फको गतिलो पाइला नै हो । भएकै स्रोत साधन एकीकृत गरी प्रष्ट लक्ष्यका साथ खर्च गरिएको छ । करिब १६ अर्ब अफगानी रूपैयाँ त खर्च भैसकेको छ । अहिले निर्माणकै चरणमा र पछि पनि यो परियोजनाले हजारौँ व्यक्तिलाई रोजगारी दिनेनै छ ।

यो परियोजना आफैँमा विकास गतिविधि हेर्न चाहनेका लागि पर्यटकीय गन्तव्य बन्न सक्छ । परियोजनाको सफलताले अन्य धेरै परियोजना बन्ने आधार तयार गर्ने र समृद्धिको मार्ग खोल्ने देखिन्छ । सामाजिक दृष्टिले समेत यो परियोजनाले योगदान गर्न सक्ने नै देखिन्छ । जस्तो कि नहर निर्माण सम्पन्न भइसक्दा खाद्य सुरक्षा, गरिबी निवारण र दिगो विकासमा यसको प्रत्यक्ष योगादान पुग्नेछ भने मानव निर्मित नदीका रूपमा सुख्खा क्षेत्रका बासिन्दाले सफा र सुरक्षित पानी दिगोरूपमा प्राप्त गर्नेछन् भने रोजगारीसँगै आयआर्जन तथा गुणस्तरीय जीवन सम्भव हुनेछ । सामाजिक सद्भाव शान्ति र एकताका साथसाथै समुत्थानमुखी समाज निर्माण हुने र सरकारप्रतिको विश्वास बढेर जाने देखिन्छ । यतिमात्र हैन कि परियोजनाको कार्यान्वयनबाट यहाँको स्थानीय पारिस्थितिक प्रणालीमा समेत परिवर्तन आउनेछ । स्वभाविकरूपमा नहरको निर्माणपछि यसको वरिपरि हरियाली र जङ्गल समेत हुर्कन सम्भव हुन्छ, बसाइ सरेर आउने चराहरुका लागि आकर्षण स्थल बन्न सक्छ । पानीसहितको पारिस्थितिक प्रणाली भनेको तुलनात्मकरूपमा उत्पादनमूलक मानिए पनि साविकमा रहेको घाँसे मैदान रहेको वा मरुभूमि रहेको साविकको प्रणालीमा नकरात्मक असर पर्दछ ।

कोश टेपा नहरको निर्माण अगाडि बढिरहेको छ र साथसाथै यसले विकास निर्माणमा संलग्न उच्च पदाधिकारीहरुलाई प्रस्ट सन्देश के दिइरहेको छ भने राजनीतिक प्रतिबद्धता, प्रविधिको उचित प्रयोग, स्रोतको एकीकृत प्रयोग एवम् विकास क्रियाकलाप बीचमा तादात्म्यता मिलाउन सकेमा ठूला कामहरु पनि समयमा सम्पन्न हुने मार्गमा अगाडि बढ्छन् । काममा सरिक हुनेहरुमा कडा परिश्रम, समर्पण तथा सहकार्यले गर्दा पनि देखिने गरी र अनुभूत हुने गरी परिणाम निस्कन सक्छ । अहिले पनि चीन, उज्वेकिस्तान, ताजिकिस्तान र रसियाबाट गहुँ आयात गरेर जीविका गर्ने अफगानिस्तानले उत्तरी तीन राज्यमा प्रशस्त गहुँ उब्जनी गरेर गहुँ निर्यात गर्न थालनी गर्‍यो भने खबर आयो भने अफगानी जनताले त्यहाँको सरकारको गुणगान गाउनेछन् । साथसाथै, नेपालजस्ता मुलुकमा समेत विकासलाई कसरी अगाडि बढाउने भन्ने विषयमा कोश टेपा नहरको निर्माण एउटा प्रेरणादायी सिकाइको स्रोत बन्न सक्नेछ ।

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन् ।)*

## सामाजिक सञ्जाल



**- डा. सुन्दरी पोखरेल**

प्रधानमन्त्री र छोरी स्वकीय सचिवको हर्कतको विरोध गर्न नपाइने किन ? उहिले राजा संविधानमाथि भएजस्तै प्रचण्डको परिवार संविधानभन्दा माथि हो ? प्रचण्डको छोरीको समेत रक्षाकवच बनेर माओवादी भातृ संगठनले धम्कीपूर्ण विज्ञप्ति किन दियो ? नेपालमा संविधानको सट्टा प्रचण्डपथ लागु भएको हो ?



**- रञ्जित तामाङ**

एमाले र दुर्गा प्रसाइँबीच पाखुरा सुर्कासुर्की नसकिँदै माओवादी र अमरेश कुमारबीच 'कि तँ छैन, कि म छैन'को अवस्था आयो । ख्याल रहोस् ! अमरेशकुमार दुर्गा प्रसाइँजस्तो मुर्खको पोको होइन, त्यसैले होला ! अमरेशलाई भारतको लोकसभा सदस्य महुआ मोइत्राजस्तै बनाउने कुरा त्यसै आएको छैन ।



**- गोकुल बास्कोटा**

पहिचान र सामर्थ्यलाई सन्तुलन गर्ने र व्यवहारमा समावेशीतालाई खरो उतार्दै आएको एमाले पार्टीविरुद्धको पहिचानवादी भनिनेको निरन्तरको हर्कत केवल अन्ध जातीवाद, नश्लवाद र फाँसीवादको भद्दा नमुना हो । फुटाउ र राज गर भन्ने त्यो पुरानो फर्मूला इतिहासले पटक-पटक पराजित गरेको छ र फेरि पनि गर्छ ।



**- बिमल पोखरेल**

प्रधानमन्त्री पुष्पकमल दाहालकी छोरी गंगा दाहाललाई राजनीतिक बजारमा 'कमिसन क्वीन' भनिँदो रहेछ । बालुवाटार र प्रधानमन्त्री दाहालको सचिवालय भ्रष्टाचारको अखडा भएको हो ? तर वास्तविकता, सक्कली माओवादीहरू रुँदै हिँडेका छन् भने 'कमिसन क्वीन' र 'कमिसन किङ'हरूले शासनसत्तामा हालीमुहाली गरिरहेका छन् ।

# नेपालको आधुनिक विकासमा जावलाखेल

विचार



● राम पण्डित

काठमाडौं उपत्यकाभित्र रहेका तीन शहरहरूमध्ये ललितपुर (यल)मा पर्ने जावलाखेलले विशेष महत्व ओगटेको छ । नेपाल भाषामा 'जाहूल्यूख्य', जा' भनेको भात 'हूल्यू' भनेको छर्कने 'ख्य' भनेको चौर) नै अपभ्रंश भएर जावलाखेल भएको स्थानीय ज्येष्ठ नागरिकहरूको भनाइ छ । ललितपुरको पाटन शहर विस्तार हुने क्रममा सम्भवत: सुरुवाती बस्तीको रूपमा जावलाखेल विकास हुँदै गएको हो भन्ने स्थानीय अगुवाहरूको ठम्याइ छ । पाटन मंगलबजार मुख्य शहर हुँदाको समयमा जावलाखेल काँठ नै थियो । जहाँ बग्रेल्ती गाईवस्तुहरू यत्रतत्र चरिरहेको देख्न सकिन्थ्यो, २०४० को दशकसम्म ।

## रातो मत्स्येन्द्रनाथको महत्व

भोटो देखाउने जात्राको अघिल्लो दिन पूच्व: (पुल्चोक)बाट खट/खर्पनमा भात राखेर बाजागाजासहित जावलाखेलमा लगेर रथको चार पाङ्ग्रा मुनी तथा रथको अगाडि राखिन्छ । जावलाखेलमा मुख्यरूपमा प्राय: जसो एकै जातिको बाहुल्यता छैन । बस्ती विस्तार हुने क्रमदेखि नै यहाँ नेवार, क्षेत्री, बाहुन, मगर, राणा, शाहलगायतका जातिहरू बस्दै आएको पाइन्छ । जावलाखेलले काठमाडौं उपत्यकाको मात्र नभइ नेपालकै विशेषताहरू झल्काउँछ । जावलाखेलमा नेपालको एकमात्र सदर चिडियाखाना अवस्थित छ । जुन तत्कालीन राणाकालीन समयमा श्री ३ जुद्ध शमशेरको निजी बगैंचा/बाग थियो ।

## पाश्चात्य शिक्षाको विकास

जावलाखेलमा सन् १९५४ मा अंग्रेजी माध्यममा पठनपाठन गराउन सेन्ट जेभियर्स विद्यालय तथा सन् १९५५ मा छात्राको लागि सेन्ट मेरिज हाइ स्कुल खुलेका थिए । जुन नेपालकै परिप्रेक्षमा प्रथम अंग्रेजी विद्यालय हुन् । यस कारण पनि जावलाखेलले अन्तर्राष्ट्रिय शिक्षाको प्रार्दुभावमा नेपाललाई आजभन्दा ६८ वर्ष अगाडिदेखि नै योगदान दिएको देखिन्छ । हाल लिट्टल एन्जल्स, आदर्श विद्यामन्दिर जस्ता अब्बल विद्यालयहरू जावलाखेलको प्राङ्गणबाट फस्टाइ फैलिएको पाइन्छ ।

## नेपालको नक्सा

डा. टोनी हेगनले नेपालको नक्सा तयार गर्ने क्रममा जावलाखेललाई नै स्विट्जरल्याण्ड पछि आफ्नो दोस्रो घर बनाएका थिए । जावलाखेलको एकान्तकुनामा हेगनले विभिन्न सामाजिक कार्य तथा चेतनामूलक प्रचार प्रसार पनि गरेका थिए ।

## पर्यटन विकास तथा अन्तर्राष्ट्रिय संस्कृति

प्रजातन्त्रपछि तत्कालीन समयमा विदेशीलाई नेपाल भर्खर भर्खरै खुलेको समय थियो । जावलाखेलमा वि.सं. २०११ सालमा नै सेन्ट जेभियर्स स्कुल खोलेकोले गर्दा त्यस स्कुलमा पठनपाठन गराउने अधिकांश विदेशी नै थिए । जसमध्ये फादर मोरान, फादर ग्याफेन अमेरिकी तथा सहशिक्षकहरूमा अन्य देशका नागरिकहरू थिए । त्यसताका नेपाल घुम्न आउन चाहने विशेषत: पाश्चात्य पर्यटकहरू सेन्ट जेभियर्सको विद्यालयको आश्रयमा आउँथे । जहाँ उनीहरूको भाषको समस्या पनि समाधान हुन्थ्यो । यसै स्कुलमार्फत उनीहरूले आफूहरूलाई घुम्नुपर्ने स्थान तथा गन्तव्यहरूको यथेस्ट जानकारी पनि लिने गर्दथे । दलाइलामाका अनुयायीहरू तिब्बतबाट आइ जावलाखेलको एकान्तकुनामा बसेका थिए जसले तिब्बती संस्कृति रहन सहन तथा गलैंचा उद्योग विस्तारमा सहयोग पुर्‍याए । त्यसवेला जावलाखेल एक प्रकारले हालको ठमेल जस्तै थियो ।

## बोरिस र नेपाल होटल प्रा.लि.

यसै क्रममा बोरिस लिसानेभिच तत्कालीन सोभियत संघबाट कोलकत्ता हुँदै राजा महेन्द्रको निम्तोमा नेपाल आइ जावलाखेलका पाटा तथा बाटाहरूमा फादर मोरान, डा हेगनसँग घुलमिल हुन पुगेका थिए । त्यसपछि बोरिसले नेपालमा प्रथम पटक नेपाल होटल प्रा.लि. नामको होटल दर्ता गरेर जावलाखेलमा पर्यटन स्तरको होटल स्थापना गरे । पछि उनको रोयल होटलमा संलग्नता रह्यो । बोरिसले नेपालको पर्यटन उद्योगलाई एक किसिमले स्थापना गरेका हुन् यसर्थ, उनलाई नेपालका पर्यटनका जननी/पिता भन्न पनि सकिन्छ ।

## उद्योग स्थापना

आजभन्दा ५० वर्षअघि सन् १९७३ तिर शाह परिवार व्यापार उद्योग स्थापना गर्ने सिलसिलामा जावलाखेलमा आएर उद्योग स्थापना गर्ने तारतम्य मिलाउँदै थिए । सोही क्रममा शाह परिवारको रुसलान नामक सोभियत संघका व्यक्तिसँग परिचय भएको थियो । शाह परिवार (विजय शाह तथा उनका बुबा राम नारायण शाह) पहिलेदेखि नै व्यवसायी घरानाका सदस्य भएकाले उनीहरू नेपालमा पनि स्तरीय औद्योगिक प्रशोधन गरिएको डिस्टिलरी उद्योग खोल्न चाहन्थे । यसै सल्लाह परामर्शको सिलसिलामा रुसलानले शाह परिवारलाई आफ्नो भोड्का बनाउने पारिवारिक रेसिपी (फर्मुला) दिएका थिए । त्यसपछि शाह परिवारले 'जावलाखेल डिष्टिलरी' नाम राखेर भोड्का उत्पादन गर्ने एक ठूलो उद्योग स्थापना गरे जसले स्थानीय तहमा रोजगारी दिई सरकारलाई राम्रो रकम राजश्व बुझाउने गर्दथ्यो । जुन आजकल जावलाखेल ग्रुप अफ इन्डष्ट्रिज/कम्पनी नामले चिनिन्छ तथा यसले रुसलान, बडवाइजर जस्ता मदिराजन्य पेय पदार्थ उत्पादन गर्दछ । यसर्थ, जावलाखेलले नेपालको आधुनिकीकरणमा भूमिका निर्वाह गरेको पाइन्छ । प्राय: सबै नेपालीहरू आफ्नो जीवनमा एक पटक जावलाखेल पुगेकै हुन्छन्, चिडियाखाना हेर्नलाई मात्र भए पनि ।

## तपाईंको राशिफल

मेष : पदोन्नतीको योग छ । पारिवारिक सहयोग प्राप्त हुनेछ ।

वृष : खर्च बढ्ने योग छ । धार्मिक यात्रा हुनेछ ।

मिथुन : परिश्रमबाट सफलता मिल्नेछ । मनमा अशान्ति रहनेछ ।

कर्कट : स्वास्थ्य सामान्य रहनेछ । मनमा नकारात्मक विचार बढी आउनेछ ।

सिंह : आत्मविश्वास बढ्नेछ । कार्यहरुमा अनुकूल प्रगति हुनेछ ।

कन्या : सन्तानको सुखमा वृद्धि हुनेछ । धैर्य बढ्नेछ ।

तुला : बुवाआमाको स्वास्थ्यमाथि ध्यान दिनुपर्छ । स्थानान्तरण हुने योग छ ।

वृश्चिक : नातागोताको सहयोग प्राप्त हुनेछ । वाणी संयम जरुरी छ ।

धनु : पारिवारिक सदस्यहरुमा वृद्धि हुनेछ । लाभको अवसर प्राप्त हुनेछ ।

मकर : मनमा शान्ति र प्रसन्नता बढिरहनेछ ।

कुम्भ : नौलो बाहन खरिद हुने योग छ । पठन-पाठनमा रुचि बढ्नेछ ।

मीन : आयमा कमी आउनेछ । विपरीत लिङ्गीसँग आकर्षण बढ्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# जाजरकोटका भूकम्प पीडितलाई न्यानो कपडा वितरण



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २७ मंसिर

असल छिमेकी नेपाल पोखराले जाजरकोटका भूकम्प प्रभावितलाई न्यानो कपडा उपलब्ध गराएको छ। बारेकोट गाउँपालिका वडा नम्बर १ का २ सय ५० भूकम्प प्रभावित घरपरिवारलाई न्यानो कपडा वितरण गरिएको असल छिमेकी नेपालका कार्यकारी निर्देशक राजेन्द्र कुमार अधिकारीले बताए।

प्रतिपरिवार ब्ल्यांकेट मोटो १ थान, ब्ल्यांकेट पातलो १ थान, त्रिपाल १ थान, टोपी ५ थान लगायतका सामग्री वितरण गरिएको छ। त्यस्तै बारेकोट गाउँपालिका वडा नं. १, २, ३, ४ र ५ नम्बर वडाका २ सय जना सुत्केरी तथा गर्भवती महिलाहरुका लागि स्थानीय स्वास्थ्य इकाइहरुको समन्वयमा खाद्य तथा कपडाहरु वितरण गरिएको छ।

परियोजना प्रमुख सुमन बयलकोटीका अनुसार उपलब्ध सामानहरुमा प्रति सुत्केरी तथा गर्भवती महिलालाई ऊनीको पच्छ्यौरा १ थान, बच्चाको ब्ल्यांकेट १ थान, पोलार ब्ल्यांकेट १ थान, १/२ केजी घ्यू, ज्वानो २०० ग्राम, मेथी १०० ग्राम, मोजा २ जोडी, आमालाई ऊनीको टोपी १ थान, बच्चालाई ऊनीको टोपी १ थान, तोरीको तेल १ लिटर, लुगा धुने साबुन २०० ग्रामका ३ वटा, नुहाउने साबुन ७५ ग्रामका २ वटा र जेब्रा ब्याग वितरण गरिएको छ।

चिसोको समयमा राहत सामग्री पाएपछि भूकम्प प्रभावितहरुले खुसी व्यक्त गरेका छन्। राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोट, बारेकोट गाउँपालिका, वडा र स्थानीय अगुवाहरुको समन्वयमा वितरण गरिएको थियो। वितरण कार्यक्रममा स्थानीय जनप्रतिनिधि लाल बहादुर पुन, असल छिमेकी नेपालका कार्यकारी निर्देशक राजेन्द्र कुमार अधिकारीलगायत असल छिमेकी नेपालका कर्मचारीहरुको उपस्थिति रहेको थियो। पोखराबाट राहत लिएर पुगेको टोलीले पालिकाको समन्वयमा भूकम्प प्रभावितहरुलाई राहत आफैं वितरण गरेको हो।

# कालिन्चोकमा हिमपात पर्यटकहरु हर्षित



**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २७ मंसिर

धार्मिक तथा पर्यटकीय महत्वको रुपले परिचित दोलखाको कालिन्चोकमा हिमपात शुरु भएको छ। बुधबार दिउँसोदेखि कालिन्चोक भगवती मन्दिरलगायत जिल्लाका उच्च भेगमा समान्य वर्षासहित हिमपात शुरु भएको हो।

कालिन्चोकको कुरी तथा आसपासको क्षेत्रमा यो वर्षकै पहिलो पटक हिमपात भएको त्रिपुरा रिसोर्ट कुरीका सञ्चालक चन्द्र कुमार लामाले जानकारी दिए। गत वर्षको तुलनामा यो वर्ष केही अगाडि नै हिमपात भएको छ। गत वर्ष हिमपात पर्ने समयभन्दा अलि ढिला हिमपात भएको थियो। कालिन्चोकमा बुधबार दिउँसोदेखि हिमपात शुरु भएसँगै मन्दिरमा दर्शन गर्न गएका भक्तजन तथा पर्यटकहरु हर्षित भएका छन् भने वृद्धवृद्धाहरुलाई चिसोले प्रभावित बनाएको छ।

जिल्लाकै अर्को पर्यटकीय क्षेत्र रोल्वालिङमा भने केही साताअघि नै हिमपात भइसकेको छ। हिमपात भएपछि यो वर्ष जिल्लाका पर्यटकीय स्थल कालिन्चोक, शैलुङ, चेर्दुङलगायतका स्थानहरूमा पर्यटक बढ्ने अपेक्षा गरिएको छ। हिउँमा रमाउन यहाँ आन्तरिक तथा बाह्य पर्यटकहरुको भिड लाग्ने गर्छ। जिल्लाको उच्च भेगमा हिमपात भएसँगै सदरमुकाम चरिकोटलगायतका स्थानहरुमा चिसो बढेको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८०/०८/२८

**भायासफ्ट सोलुसन्स प्रा.लि.** को मिति २०८०/०८/२१ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोड ब्राइड प्रा.लि. (प्रा.लि. नं.: २५९१०३)** कायम गर्ने गरी मिति २०८०/०८/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२८

**आभा इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** को मिति २०८०/०८/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आरिआके ल्याङ्गवेज ट्रेनिङ एण्ड एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: १३३३३५)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा.-०३ मा** कायम गर्ने गरी मिति २०८०/०८/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कतारमा रोजगार

कम्पनी : GLOW SHINE TRADING CONTRACTING & SERVICES
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/१८ | चलानी नं.: ६०२०५५५५ | L.T. No.: 290305 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 7 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 25 | 0 | | 1000 | ३६५०० | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 4. | Reinforce Fitter | 2 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 5. | Plumber | 6 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 6. | Mason | 5 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 7. | Brick Mason | 1 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 8. | Palster Worker | 1 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 9. | Black Smith | 1 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 10. | Building Worker | 2 | 0 | | 1000 | ३६५०० | | | | | | | |

कम्पनी : BHETGHAT RESTAURANT
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०८०/०८/२७ | चलानी नं.: ६०२११४८१ | L.T. No.: 295119

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GENERAL CLEAN WORKER | 0 | 4 | | 1500 | ५४७५० | | | | | | | |
| 3. | SUPERVISIOR | 1 | 0 | | 2500 | ९१२५० | | | | | | | |
| 4. | waiter | 0 | 2 | | 1500 | ५४७५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पौष ५ गते (5 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**प्रोग्रेसिभ प्लेसमेन्ट सर्भिसेज नेपाल प्रा. लि.**
Lic. No.: 782/065/066
**PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.**
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085,9803093814
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: The Specialized Consulting Company for Contracting | शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०८०/०८/२६ | चलानी नं.: ६०२११४४७ | L.T. No.:296375

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ४२,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ८ गते (24 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- बहराइनको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

## यूएईमा रोजगार

कम्पनी: SS FACULTY FOR TECHNICAL SERVICES LLC

पूर्व स्वीकृत मिति: २०८०/०८/२७ | चलानी नं.: ६०२११४९५ | L.T. No.: 296361 | शहर: UAE

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 5 | 0 | | 1100 | ३९,८७५ | | | | | | | |
| 3. | Steel Fixer | 5 | 0 | | 1100 | ३९,८७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष ५ गते (21 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**New Sambriddhi Overseas Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Airport, Manpower Bazar, kathmandu, Tel: 01- 4112990 / 4112991
Fax : 01-4475670, Email: sambriddhinew@gmail.com
Mobile: 9818081225 | 9869396315 | 9841215500

## बहराइनमा रोजगारको अवसर

कम्पनी : TOP MOST TAILORING
शहर: Bahrain

पूर्व स्वीकृत मिति: २०८०/०८/२७ | चलानी नं.: ६०२११४९६ | LT. No.: 296477

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 1 | 0 | स. काममा दक्ष | 120 | ४२,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ५ गते (21 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

## MALAYSIA मा रोजगार

कम्पनी: HUAT HUAT KOUPING (M ) SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०३/२० | चलानी नं.: ६०१८२४९५ | LT. No.: 266524 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० पौष ५ गते (21 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

## कुवेतमा रोजगार

कम्पनी : CSAFAT CATERING SERVICES COMANY
शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८०/०८/२६ | चलानी नं.: ६०२११४९० | LT. No.:296138

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANERS (INDOOR) | 32 | 0 | स. काममा दक्ष | 85 | ३६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पौष ५ गते (21 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: BAYT AL SHEAREYA TO PROVIDE MEALS RESTAURANTS | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०८/२६ | चलानी नं.: ६०२११४६६ | L.T. No.:296452

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७८,०७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook B | 1 | 0 | | 2200 | ७८,०७८ | | | | | | | |

कम्पनी: AL-RESHAQA MEALS TO PROVIDE MEALS RESTAURANTS | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०८/२६ | चलानी नं.: ६०२११४६७ | L.T. No.:296453

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७०,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook B | 1 | 0 | | 1500 | ५३,२३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पौष ५ गते (21 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ कम्पनी प्रा.लि.)
Tel: 01-4985294 /01-4985295, 9801255512, Email: info.royal1034@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MOHAMMED ABDUL RAHMAN AL-DOSARI TRANSPORT EST | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०८/२६ | चलानी नं.: ६०२११४७० | L.T. No.: 296433

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष ५ गते (21 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३० मो: ९८५१०३०८०६
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
Right People For Right Job At The Right Time

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASRA SHI FOR TRANSPORTING PARCELS COMPANY | शहर: Riyadh

पुर्व स्वीकृत मिति: २०८०/०८/२७ | चलानी नं.: ६०२११४४३ | L.T. No.:296429

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 0 | स. काममा दक्ष | 1300 | ४६,१३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL GHANI BIN AHMED AL MOHSEN CONTRACTING COMPANY | शहर: Dammam

पुर्व स्वीकृत मिति: २०८०/०८/२७ | चलानी नं.: ६०२११४८२ | L.T. No.:296428

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ५ गते (21 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | रु.१०,०००/- कामदारले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**AL SAMIT MANPOWER P. LTD.**
**अल समिट म्यानपावर प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www.alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: FAST BUILDING CONT. CO. (LLC) | शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०८/२६ | चलानी नं.: ६०२११४८४ | L.T. No.: 296372

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer Assistant | 60 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | BUILDING LABOURER | 50 | 0 | | 900 | ३२६२५ | | | | | | | |
| 3. | Carpenter | 19 | 0 | | 1200 | ४३५०० | | | | | | | |
| 4. | Road Maintenance labourer | 40 | 0 | | 900 | ३२६२५ | | | | | | | |

कम्पनी: KHIDMAH SOLE PROPRIETORSHIP LLC | शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०८/२७ | चलानी नं.: ६०२११४९७ | L.T. No.: 296371

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 150 | 150 | सम्बन्धित काममा दक्ष | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gardener | 50 | 0 | | 800 | २९,००० | | | | | | | |
| 3. | Office Boy | 25 | 0 | | 1000 | ३६,२५० | | | | | | | |
| 4. | Office Girl | 25 | 0 | | 1000 | ३६,२५० | | | | | | | |

